# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालारानी गाउँपालिका
## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालारानी गाउँपालिका

## अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मालारानी गाउँपालिका

अर्घाखाँची

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**महालेखापरीक्षक**

२०८१ जेष्ठ

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश)

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. ४९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

मालारानी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

अर्घाखाँची ।

## १. कैफियत सहितको राय

हामीले मालारानी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले मालारानी गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. मालारानी गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ५० लाख ४ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१ लाख ४३ हजार प्रतिक्रियाबाट फस्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२८ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६६ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख ५४ हजार रहेको छ। मालारानी गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड ५७ लाख ४५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ६ लाख ६ हजार रहेको छ। मालारानी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय प्रतिवेदन तयार गर्ने गंगादेव गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी मालारानी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
नायब महालेखापरीक्षक

मालारानी गाउँपालिका, अर्घाखाँची

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | २४ | २५००४ | ० | १ | १४३ | ६४ | २३ | २४८६१ | २८४२ | १५३५४ | ६६६५ | ० | ० | २२०१९ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मालारानी गाउँपालिका ,अर्घाखाँची | १०५७४५ | ० | ० | १०५७४५ | ० | २४८६१ | १३०६०६ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| २०७९।८० | ५९ | असुल | |

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** लुम्बिनी प्रदेश अन्तर्गत अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहहरुमध्ये उत्तरपश्चिमपट्टी अवस्थित मालारानी गाउँपालिका पहाडि क्षेत्रमा अवस्थित गाउँपालिका हो। नेपालमा ७५३ स्थानीय तह लागु हुदाँ अर्घाखाँची जिल्लामा साविकका अर्घातोषको (१,६,९), मरेङको (१,६), खन,खनदह,बाँगी,हंसपुर र गोखुङ्गा गाउँ विकास समितिहरुलाई समेटेर मालारानी गाउँपालिका बनाइएको हो। केन्द्रीय तथ्याँक विभागले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ काे रिपाेर्ट अनुसार मालारानी गाउँपालिकाकाे जनसंख्या २४,१५० रहेकाे छ। भने यसको क्षेत्रफल १०१.०६ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाकाे केन्द्र मालारानी-३, खनदह, ढुङ्गाडेमा रहेकाे छ। यस गाउँपालिकालाई ९ वडामा विभाजन गरिएको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। ३१ देखि २०८०।६। ४ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ८७४६२६४२७।६४ सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु.८७४६२६४२७।६४ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय प्रतिवेदन**

२.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा अनुसुचि संलग्न छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

३ **वित्तिय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५५६९४३१३.२५ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. ७०६४०१३१.७३ समेत गरी रु.२२६३३४४४.९८ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२२११०७५।२० पुँजीगत खातामा रु. २६०८३१८.८४ समेत रु. ४८१९३९४.०४ मौज्दात रहेको पाइयो। पालिकाले मिति २०७९/०४/०८ मा कोषमा जम्मा (ट्रान्सफर) गरेको छ।

सैद्धान्तिक बेरुजु

५ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको

व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रार्थमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट पेश, पारित र अख्तियारी –**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा नगर उपप्रमुखले मिति २०७९/०३/१० गते रु. ६४ करोड २४ लाख ३२ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/०३/२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८/०३/३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

रु हजारमा

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | | **त्रैमासिक खर्च** | | | |
|---|---|---|---|---|---|---|---|
| | | | **प्रथमत्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथौ त्रैमासिक** | **असार महिना** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | पूँजिगत खर्चतर्फ | १७११६९१८०।०६ | ३८,८५,८८९.०० | ३८२६३४१।५३ | ३४८६९०७०।४९ | १२८५८७८७९।०४ | ६९०२३३७३.७२ |
| | जम्मा | १७११६९१८०।०६ | ३८,८५,८८९.०० | ३८२६३४१।५३ | ३४८६९०७०।४९ | १२८५८७८७९।०४ | ६९०२३३७३.७२ |
| | प्रतिशत | | २.२७ | २.२३ | २०.३७ | ७५.१२ | ४०.३२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.९७११६९१८० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३८८५८८९अर्थात २.२७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ३८२६३४१.५३ अर्थात २.२३ प्रतिशत र तेश्रो त्रैमासिकमा रु.३४८६९०७०, अर्थात २०.३७ प्रतिशत, चौथो त्रैमासिकमा रु.१२८५८७८७९ अर्थात ७५.१२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. ६९०२३३७३.७२ अर्थात ४०.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गरि स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **मुख्यक्षेत्र** | **वार्षिकवजेट** | **खर्चरकम** | **कुलखर्चमध्येप्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३,५४,९५,०००.०० | २,५५,५०,१८७.८१ | ४।४० |
| सामाजिक क्षेत्र | ३५,४३,०९,०००.०० | ३१,६४,९२,५२१.४० | ५४।४७ |
| पूर्वाधार विकास क्षेत्र | १३,१८,८०,०००.०० | ११,३४,०५,२८१.५३ | १९।५१ |
| वातावरण तथा विपद्व्यवस्थापन | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| संस्थागत विकास र सेवा प्रवाह | १,९०,३७,०००.० | १,६९,३४,३३६.२७ | २।९२ |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १४,३८,५१,१९०.२० | १०,८६,११,५३४.९८ | १८।७१ |
| **जम्मा** | ६८,४५,७२,१९०.२० | ५८,०९,९३,८६१.९९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५४.४७ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासन मा सबै भन्दा घटीमा ० प्रतिशत रहेको छ। पालिकाले समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **खर्च बिश्लेषणः**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.९७८२३६० राजस्व बाँडफाँड र अनुदानबाट रु.७१४९३९४५६।०८ समेत रु. ७२४७२१८१६.०८ आम्दानी भएकोमा चालु तर्फ रु. ४१२०२४६८१ र पूँजिगत तर्फ रु. १७११६९१८० समेत रु. ५८३१९३८६१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.६७ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.१००९९००० खर्च भएको छ जुन आन्तरिक आयको ३.२३ बढी प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७० प्रतशित चालु र ३० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।कार्यान्वयन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

११ **लक्ष्य प्रगति :**

लक्ष्य प्रगति : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढांचामा त्रैमासिक प्रगति प्रतिवेदन तयार गरी केन्द्रिय निकायमा पठाउनु पर्ने तथा नियम ३५ बमोजिम केन्द्रिय निकायले त्यसको भौतिक र वित्तिय पक्षको समिक्षा गरी प्रगती कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गर्नुपर्ने छ। पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम ढाँचामा त्रैमासिक प्रगति प्रतिवेदन तयार गरेको देखिएन। पालिकाले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष कुल ५९५ वटा कार्यक्रम मध्ये ११७ वटा कार्यक्रममा शुन्य प्रगती २० वटा कार्यक्रममा २५ प्रतिशत सम्म र ३५ वटामा ५० प्रतिशत सम्म प्रगति गरेको विवरण पेश गरेको छ। प्रगती कम भएको सम्वन्धमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नु पर्ने कदम समेत उल्लेख गरेको छैन। पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** |
|---|---|---|

| कार्यक्रम/योजना | | शून्य प्रगती | २५%सम्म प्रगतिर | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
|---|---|---|---|---|---|
| **कार्यक्रम संख्या** | ७६७ | 1१७ | २० | ३५ | ५९५ |

सैद्धान्तिक बेरुजु

१२ **योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७९/८० को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्।

| विवरण | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|---|
| योजना संख्या | १४६ | १०३ | ७० | २९ | ५ | **३५३** |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १ लाख देखि १० लाख सम्मको जम्मा ३४८ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा माथिको ५ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन।

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनूसुची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

· दिगो विकास योजना(२०१५-२०३) लाई कार्यान्वयन गर्ने सबन्धमा लक्ष्यलाई आन्तरिकिकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्गन गर्ने कार्य गरेको देखिएन

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।

· वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।

· स्थानीय ग्रामिण तथा कृषि सडक झोलुङ्गे पुल पुलेसा सिचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा कार्यान्वयन मर्मत सम्भार र नियमन सम्बन्धी कार्य नभएको

· संघीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास बस्ती विकास र भवन सम्बन्धी नीति कानून मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा आयोजना पहिचान अध्ययन कार्यान्वयन र नियमको कार्य नभएको

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

· मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।

· EFT नगरी चेकबाट बाट कारोबार भएको र EFT नगरी भुक्तानी गरेको पाईयो

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ९ बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।

· स्थानीय तहले आफ्नो क्षैत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेक्षण गरी सम्भाव्य आयोजनाको बैङ्ग खडा गरेको देखिएन।

· सार्वजनिक खरिद नियमावली २०६४ को नियम 9७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• निजामती सेवा ऐन २०४9 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१४ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ र पालिका तर्फको ४८ जना कर्मचारीलाई रु ३२२२८०००. खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी तलव खर्च लेख्दा बढी तलब ग्रेड भुक्तानी हुन सक्ने हुंदा तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछु।

सैद्धान्तिक बेरुजु

१५ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रशासकिय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४७ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका , कृषि अधिकृत सहित विभिन्न पदहरुमा ११ दरबन्दी रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **कर्मचारी करार –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा कराराबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न ४६ पदमा ६२ जना कर्मचारीहरु करारमा राखि रु. १ करोड ६९ लाख ६६ हजार खर्च लेखेको छ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न २ पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ३७१३०३६ भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३७,१३,०३६ |

१७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१८ **जिन्सी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन। कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१९ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष थप भएको १६ विवाद दर्ता भएकोमा ११ वटा मात्र फछर्यौट भई ५ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२० **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२१ **धरौटी सदरस्याहाः**

लुम्बिनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार कार्यालयले प्रयोजन समाप्त भएको धरौटी राजस्वमा आम्दानी बाध्नु पर्ने व्यवस्था छ।पालिकालले तयार गरेको व्यक्तिगत धरौटी खाता परीक्षण गर्दा विगतको नामनामेसी नखुलेका फर्मको धरौटी रु.४७९०२७ जिम्मेवारी सारेको पाइयो। नियमावलीको व्यवस्था बमोजिम प्रयोजन समाप्त भएको सबै रकम यकिन गरी उक्त रकम राजस्वमा आम्दानी बाध्नुपर्दछ।.

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **विपद व्यवस्थापनः**

२२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गर्ने, अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गराउने सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गराउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात रू. ४ लाख ९३ हजार र यस वर्षको आम्दानी रु. २२ लाख ५ हजार समेत रू. २६ लाख ४६हजार कुल आम्दानी भएकोमा रू. २५लाख ९२ हजार खर्च गरी रु. ५४ हजार बाँकी देखिन्छ।

सैद्धान्तिक बेरुजु

२२.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २३ फोहरमैला व्यवस्थापनः

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २४ आयको अनुमानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०८००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. ९७८२३६०.६४ अर्थात अनुमान भन्दा ९.४२ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

## २५ आन्तरिक आयः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४९३४६५३८१ | ९७८२३६०.६४ | १.९८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९८ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

## २६ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले व्यवसाय कर तर्फ रु ५००००० उठाउने अनुमान गरेकोमा रु ३५०८२८ अर्थात ७०.१६ प्रतिशत मात्र असुली गरेको देखियो।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| व्यवसाय कर | ५००००० | ३५०८२८ | ७०.१६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **सवारी कर :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले सवारी कर असुल गरेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन। यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **प्रोत्साहन भत्ताः**

मालारानी गाउँपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि २०७८ को परिच्छेद (२)३.१(घ) मा वार्षिक बजेट तयार गर्न तथा प्रत्येक गाउँसभाको तयारीमा खटाईएका कर्मचारीहरुलाई १५ दिनदेखि १ महिना बराबरको थप भत्ता उपलबध गराउन सकिने साथै ३.२मा दफा ३.१ बमोजिम काम गरेबापत कर्मचारीहरुलाई कर्मचारीको आधारभुत पारिश्रमिकको २५ प्रतिशत बराबरको रकमलाई १०० प्रतिशत मानी अनुसूची १ र२ बमोजिको सुचकहरुको मासिक मूल्याङ्कनको आधारमा प्रतिशत निर्धारण गरी भत्ता उपलब्ध गराउने ९० प्रतिशत भन्दा बढी कार्यसम्पादन अकं प्राप्त गर्ने कर्मचारीहरुलाई १०० प्रतिशत बराबरको भत्ता उपलब्ध गराउने उल्लेख भएकोमापालिकामा कार्यरत निम्न कर्मचारीलाई कार्यविधि विपरित सुरु तलब स्केललाई आधारमानी भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असल गर्नुपर्ने रु.

| नाम | पद | करकट्टी पछि खुदपाएको | खासपाउनुपर्ने | बढीभुक्तानी |
|---|---|---|---|---|
| गौ भौ २४१।२०८०।१।८ चालु | | | | |
| सुरेशभुसाल | प्र.प्र.अ. | ३०९४६ | ६९६२.८५ | २३९८३.१५ |
| रमेशपन्थी | शाखाअधिकृत | २४६८३.१२ | ५५५३.७०२ | १९१२९.४२ |
| नेत्रप्रसाद खनाल | अधिकृतसातौ | २४८६८३.१२ | ५५९५३.७०२ | १९२७२९.४२ |
| भविश्वरखनाल | अधिकृतछैठौ | २३५१९.२५ | ५२९१.८३१२५ | १८२२७.४२ |
| खुविरामपन्थी | अधिकृतछैठौ | २३५१९.२५ | ५२९१.८३१२५ | १८२२७.४२ |
| पशुपतीचुदाली | अधिकृतछैठौ | २३५१९.२५ | ५२९१.८३१२५ | १८२२७.४२ |
| सुनिलसम्राट खनाल | अधिकृतछैठौ | २३५१९.२५ | ५२९१.८३१२५ | १८२२७.४२ |
| पुतलाखनाल | अ.न.मी.छैठौ | १८५६७.८३ | ४१७७.७६१७५ | १४३९०.०७ |
| राजेन्द्रप्रसाद खनाल | सि अ हेब | १८५६७.८३ | ४१७७.७६१७५ | १४३९०.०७ |
| हरिषचन्द्रपाण्डे | सबइन्जिनियर | १८६९६.३२ | ४२०६.६७२ | १४४८९.६५ |
| टेकविक्रम कुँवर | | १८६९६.३२ | ४२०६.६७२ | १४४८९.६५ |
| तेजलालपन्थी | | १८६९६.३२ | ४२०६.६७२ | १४४८९.६५ |
| शिबरोका | सबइन्जिनियर | १८६९६.३२ | ४२०६.६७२ | १४४८९.६५ |
| रेखाथापा | क.अ. | ९८४०.१७ | २२१४.०३८२५ | ७६२६.१३ |

| | | | | |
|---|---|---|---|---|
| सरितापन्थी | प्रा.स. | ९८४०.१७ | २२१४.०३८२५ | ७६२६.१३ |
| तिर्सनापौडेल | स.म.वि.नि. | ९३२२.२३ | २०९७.५०१७५ | ७२२४.७३ |
| लक्ष्मणविश्वकर्मा | ना.प्र.से. | ९३२२.२३ | २०९७.५०१७५ | ७२२४.७३ |
| महेशभुसाल | रोजगारसंयोजक | १२३७८.५५ | २७८५.१७३७५ | ९५९३.३८ |
| नविनखनाल | सुचनाप्रविधी अधिकृत | १२३७८.५५ | २७८५.१७३७५ | ९५९३.३८ |
| जयबहादुर वि.क. | कृषिअधिकृत | १२३७८.५५ | २७८५.१७३७५ | ९५९३.३८ |
| पदमआचार्य | स.क.अ. | १७७१२.२४ | ३९८५.२५४ | १३७२६.९९ |
| राजुखनाल | रोजगारसहायक | ९८४०.१७ | २२१४.०३८२५ | ७६२६.१३ |
| धुर्वराजखनाल | एम.आइ.एस.अपरेटर | ९८४०.१७ | २२१४.०३८२५ | ७६२६.१३ |
| हरिपौडेल | वाससहजकर्ता | ९३२२.२३ | २०९७.५०१७५ | ७२२४.७३ |
| अमृतावि.क. | फिल्डसहायक | ९३२२.२३ | २०९७.५०१७५ | ७२२४.७३ |
| सुवासचौहान | राजश्वसहायक | ९३२२.२३ | २०९७.५०१७५ | ७२२४.७३ |
| हेमराजखनाल | का.स. | ९३०९.२ | २०९४.५७ | ७२१४.६३ |
| रुक्मागतबन्जाडे | का.स. | ९३०९.२ | २०९४.५७ | ७२१४.६३ |
| शोभाखरखनाल | का.स. | ९०९८.५७ | २०४७.१७८२५ | ७०५१.३९ |
| विष्णुप्रसाद खनाल | का.स. | ९०९८.५७ | २०४७.१७८२५ | ७०५१.३९ |

| | | | | |
|---|---|---|---|---|
| मणिरामघिमीरे | ह.स.चा. | १०९५२.३६ | २४६४.२८१ | ८४८८.०८ |
| ओमप्रकाश आचार्य | ह.स.चा. | १०९५२.३६ | २४६४.२८१ | ८४८८.०८ |
| टोपबहादुर रावत | ह.स.चा. | ७८२३.१२ | १७६०.२०२ | ६०६२.९२ |
| महेन्द्रवि.क. | हे.स.चा. | ८४२२.६५ | १८९५.०९६२५ | ६५२७.५५ |
| गौ भौ न ४३३।२०८०।३।२३ चालु | | | | |
| सुरेशभुसाल | प्र.प्र.अ. | २२२८१.३९ | ५०१३.३१२७५ | १७२६८.०८ |
| रमेशपन्थी | शाखाअधिकृत | १८१८७.५६ | ४०९२.२०१ | १४०९५.३६ |
| नेत्रप्रसाद खनाल | अधिकृतसातौ | १८१८७.५६ | ४०९२.२०१ | १४०९५.३६ |
| भविश्वरखनाल | अधिकृतछैठौ | १७३२९.९७ | ३८९९.२४३२५ | १३४३०.७३ |
| खुविरामपन्थी | अधिकृतछैठौ | १७३२९.९७ | ३८९९.२४३२५ | १३४३०.७३ |
| पशुपतीचुदाली | अधिकृतछैठौ | १७३२९.९७ | ३८९९.२४३२५ | १३४३०.७३ |
| सुनिलसम्राट खनाल | अधिकृतछैठौ | १७३२९.९७ | ३८९९.२४३२५ | १३४३०.७३ |
| पुतलाखनाल | अ.न.मी.छैठौ | १२३७८.५५ | २७८५.१७३७५ | ९५९३.३८ |
| राजेन्द्रप्रसाद खनाल | सि अ हेब | १२३७८ | २७८५.०५ | ९५९२.९५ |
| हरिषचन्द्रपाण्डे | सबइन्जिनियर | १२७९२.२२ | २८७८.२४९५ | ९९१३.९७ |
| शिबरोका | सबइन्जिनियर | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| रेखाथापा | क.अ. | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |

| | | | | |
|---|---|---|---|---|
| सरितापन्थी | प्रा.स. | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| तिर्सनापौडेल | स.म.वि.नि. | ६५२५.५६ | १४६८.२५१ | ५०५७.३१ |
| लक्ष्मणविश्वकर्मा | ना.प्र.से. | ६५२५ | १४६८.१२५ | ५०५६.८८ |
| महेशभुसाल | रोजगारसंयोजक | ८६६४.९९ | १९४९.६२२७५ | ६७१५.३७ |
| नविनखनाल | सुचनाप्रविधी अधिकृत | ९८४०.१७ | २२१४.०३८२५ | ७६२६.१३ |
| जयबहादुर वि.क. | कृषिअधिकृत | ८६६४.९९ | १९४९.६२२७५ | ६७१५.३७ |
| पदमआचार्य | स.क.अ. | ११११८६.६८ | २५१७.००३ | ८६६९.६८ |
| राजुखनाल | रोजगारसहायक | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| धुर्वराजखनाल | एम.आइ.एस.अपरेटर | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| विमलापोख्रेल | कम्पुटरअपरेटर | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| विपनाअधिकारी | प्रा.स. | ६८८८.१२ | १५४९.८२७ | ५३३८.२९ |
| हरिपौडेल | वाससहजकर्ता | ६५२५.५६ | १४६८.२५१ | ५०५७.३१ |
| अमृतावि.क. | फिल्डसहायक | ६५२५.५६ | १४६८.२५१ | ५०५७.३१ |
| सुवासचौहान | राजश्वसहायक | ६५२५.५६ | १४६८.२५१ | ५०५७.३१ |
| हेमराजखनाल | का.स. | ६५१६.४४ | १४६६.१९९ | ५०५०.२४ |
| रुक्मागतबन्जाडे | का.स. | ६५१६.४४ | १४६६.१९९ | ५०५०.२४ |

| | | | | |
|---|---|---|---|---|
| शोभाखरखनाल | का.स. | ४८९९.२३ | ११०२.३२६७५ | ३७९६.९० |
| विष्णुप्रसाद खनाल | का.स. | ४८९९.२३ | ११०२.३२६७५ | ३७९६.९० |
| मणिरामघिमीरे | ह.स.चा. | ५४७६.१८ | १२३२.१४०५ | ४२४४.०४ |
| ओमप्रकाश आचार्य | ह.स.चा. | ५४७६.१८ | १२३२.१४०५ | ४२४४.०४ |
| दिपकरिजाल | ना.प्र.से.प्रा. | ६५२५.५६ | १४६८.२५१ | ५०५७.३१ |
| | | | | ८१४६२६.७३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,१४,६२६.७७ |

३० **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु. ३०लाख ५५ हजार खर्च गरेको छ।

सैद्धान्तिक बेरुजु

३१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ७ वटा नियमावली, ६९ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय भत्ताः**

अर्थमन्त्रालयको परिपत्रको मिति २०७१/४/२ को पत्रानुसार (ख) मा स्थानीय स्तरमा समितिद्धारायुक्ति भई सोही स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता नपाउने व्यवस्था भएको र स्थानीय स्तरमा नियुक्ति हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितहरुले नियुक्ति गरी नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीलाई बुझाउने उल्लेख छ। पालिकामा साविकका समितिद्धारा नियुक्त गरेका तथा संघीयता लागु भएपश्चात स्थानीय तहले नियुक्ति गरेका २२ जना

कर्मचारीहरुलाई वार्षिक रु.२५१४९० स्थानीय भत्ता खर्च लेखेको छ।परिपत्रअनुसार स्थानीय निकायले नियुक्ति गरेका र साविकका स्थानीय तहका कर्मचारीले सो सुविधा पाउने देखिदैन।यस सम्बन्धमा सम्बन्धित निकायले स्पष्ट पार्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३३ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. १००९९००० सुविधा वापत भुक्तानी भएको छ ।

सैद्धान्तिक बेरुजु

३४ **अन्य कार्यालय खर्चः**

कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र स्वीकृत कार्यक्रम र बजेट सिमा भित्र रही खर्च गर्नुपर्दछ । यसवर्ष कार्यालयले समान अस्तित्व र छुट्टै बजेट विनियोजन हुने कार्यालयको कार्यको लागि बजेटमै विनियोजन तथा तोक आदेश गरी भुक्तानी दिएको छ । निम्न कार्यालय पालिकाको नियन्त्रण अधिकार क्षेत्र भित्र पनि नपर्ने र सम्बन्धित निकायवाट समेत बजेट विनियोजन हुने भएकोले एउटै कामको लागि २ निकायवाट विनियोजन हुन सक्ने अवस्था समेत रहेकोले यसमा नियन्त्रण हनुपर्दछ।

| **क्र.स.** | **गौ.भौ.न./मिति** | **कार्यालय र प्रयोजन** | **रकम** |
|---|---|---|---|
| १ | ५/२०७९/६/१३ | भागीरथी मेमोरियल एकेडेमी भेटघाट कार्यक्रम | १५०००० |
| २ | ८/२०७९/७/२८ | भागीरथी मेमोरियल एकेडेमी काठको ढोका | १४२२५० |
| ३ | १६/२०७९/९/२८ | इलाका प्रहरी आवास निर्माण | ७००००० |
| ४ | १७/२०७९/९/२९ | मालारानी बहुउद्देश्यीय संस्था उपकरण खरिद | ४९५०५३ |
| | | जम्मा | १४८७३०३ |

सैद्धान्तिक बेरुजु

३५ **वडा कार्यालय खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले वडा कार्यालयहरुमा संचालन खर्च वार्षिक रु. रु.२०२५००० भुक्तानी दिएकोमा खाजा तथा इन्धनको विलको भुक्तानी सम्बन्धित फर्मलाई भुक्तानी नदिई सिधै वडा सचिवको नाममा

शोधभर्ना गरेको देखियो साथै सम्बन्धित फर्मलाई भुक्तानी दिएको भरपाईसमेत संलग्न नराखी खर्च गरेको छ। यस सम्बधमा सुधार गरी सम्बन्धित फर्मलाई भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **अपाङ्गगता र एकल भत्ताः**

स्थानीय तहले आफ्नो क्षेत्रमा अनुत्पादक, पुँजी वृद्धि नहुने, महत्वाकांक्षी एवं वितरणमुखी योजनाहरुलाई निरुत्साहित गर्दै उत्पादनमुलक योजनाहरुमा बजेट विनियोजन गर्नुपर्दछ ।पालिकाको आफ्नो आन्तरिक श्रोत पर्याप्त भई वितरणमुखी योजनाहरु नै सर्वसम्मतीले छनौट गरेमा पनी नेपाल सरकारले प्रदान गरेको सुविधामा दोहोरो नपर्ने गरी कार्यविधि स्वीकृत गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिलालाई मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको छ । त्यस्तै स्वास्थ्य कार्यक्रम अन्तरगत गर्भवती महिलालाई स्वास्थ्य संस्थामा आई गर्भाती जाँच गराउँदा यातायात खर्च तथा सुत्केरी हुँदा पोषण भत्ता समेत दिँदै आएको छ । त्यस्तै मुटु, क्यान्सर, मृगौला जस्ता कडा एवं दिर्घ रोगीहरुलाई अस्पतालमा उपचार गर्दा लाग्ने उपचार खर्चमा रु. १ लाख सम्मको खर्च नेपाल सरकारले दिँदै आएको छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १४ मिति २०७८।५।१५ को पत्रअनुसार सामाजिक सुरक्षा र गरिबी निवारण विषय संघको अधिकार सुचिभित्र रहेकोले संघले संचालन गरेका सामाजिक सुरक्षाका कार्यक्रममा समानान्तर थप कार्यक्रम संचालन नगर्न नगराउन अनुरोध गरिआएकोमा यो वर्ष ग वर्गकाअपाङ्गता र ४० वर्ष माथिका एकल महिला,र ३५ वर्ष माथिका एकल पुरुष र साहारा विहिन १८६ जनालाई मासिक भत्ता वितरण गरी रु .१११६००० खर्च लेखेको छ।यस्ता खर्च गर्दा पालिकाले आफ्नो आन्तरिक आम्दानीलाई समेत मध्यनजर गरेर खर्च लेख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **नापी जडान पेस नभएकोः**

सार्वजिनक खरिद नियमावलीको नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम नापजाँच पश्चात नापिकितावमा भएको वास्तविक कार्यसम्पादन परीमाणका आधारमा मात्र मात्र खर्च तथा भुक्तानी लेख्न मिल्ने व्यवस्था रहेको छ।पालिकाले वडा कार्यालयबाट खरिद भएका निम्न पाइप कुन योजनामा प्रयोग भएको,के कति वितरण गरेको भरपाई तथा नापी जडान भएको प्रमाण खुल्ने विवरण वेगर भुक्तानी गरेकोले कुन योजनामा प्रयोग भएको तथा नापी जडान भएको प्राविधिक प्रमाण खुल्ने कागजात पेस हुनुपर्ने रु

| गौ.भौ.न/मिति | वडा न. | खरिद गरेको पाइको विवरण | परिमाण(मि) | रकम मूअकर समेत |
|---|---|---|---|---|
| ३५७/२०८०/३/१७ चालु | ६ | ४०/१०mm | ९० | ५०८५ |
| | | ३२/१०mm | १५० | ९३२२ |
| | | २०/१०mm | ७०० | २७६८५ |
| | | | | ४२०९२ |
| ७२/२०७९/१२/०६ | ५ | ४० mm(४०/१०) | ८०० | ८३२८१ |

| | | | | |
|---|---|---|---|---|
| | | ३२mm(४०/१०) | ३००० | १९६००० |
| | | २५mm(४०/१६) | २००० | १२२०४० |
| | | २०mm(४०/१६) | ९५०० | ३५४२५५ |
| | | | जम्मा | ७९७६६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९७,६६८ |

३८ **मुख्यमन्त्री शैक्षिक कार्यक्रमः**

३८.१ मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम (संचालन) कार्यविधि २०७८ को बुदा १२(१२) मा आफ्नो स्थानीय तहमा संचालित कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहले जिल्ला अनुगमन समिति रसमन्वय ईकाइमा प्रतिवेदन दिनुपर्ने व्यवस्था छ।बुदा१७(३) मा कार्यक्रम संचालन गर्ने स्थानीय तहले संचालन गर्ने योजना / परियोजना बारेमा सरोकारवालाहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्याङ्कन गराउने उदेश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराउनुपर्ने व्यवस्था भएकोमा पालिकाबाट संचालित रु. ५७४७८१२ रकम कार्यक्रमहरुको कार्यविधिबमोजिम निरन्तर अनुगमन र मूल्याङ्कन गरी स्थानीय तहले जिल्ला अनुगमन समिति रसमन्वय ईकाइमा प्रतिवेदन गरेको पाइएन साथै सरोकारवालाहरुबीच जानकारी गराउने, लेखाजोखा गर्ने तथा मूल्याङ्कन गराउने उदेश्यका साथ तेश्रो चौमासिक अवधिभित्र सार्वजनिक परीक्षण गराएको पाइएन कार्यविधिले तोकेअनुसारको कार्य गरी अनुगमन र सामाजिक परीक्षण गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालासामान सात दिनभित्र यथास्थानमा दाखिला गरी खडा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रम अन्तर्गत छनौट भएका सामुदायिक ३० विद्यालयलाई ३३ वटा स्मार्ट टि.भि प्रति दर रु.४९७०० मू.अ कर सहित रु.१६४०१०० मा खरिद गरेकोमा सम्बन्धित विद्यालयमा सामान नगई वडा सचिवले बुझेको देखियो वडाले सम्बन्धित विद्यालयमा हस्तान्तरण समेत गरेको नदेखिएकोले उक्त खरिद गरिएका टि.भि सम्बन्धित सामुदायिक विद्यालयमा दाखिला भएको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,४०,१०० |

३९ **दिर्घरोगीलाई निशुल्क औषधी वितरणः**

मालारानी गाउँपालिका दिर्घरोगी विरामीहरुलाई निशुल्क औषधी वितरण कार्यविधि बमोजिम पालिका भित्र रहेका दिर्घरीलाई रु.१८१५५०९ बराबरको औषधी खरिद गरी भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्नअनुसार रहेका छन।

(क) नेपाल सरकारले ९८ प्रकारका औषधी नियमित आपूर्ति गरी निशुल्क वितरण गर्ने गरेकोमा पालिकामा नियमित रुपमा संघ तथा प्रदेस कार्यालयबाट नियमित रुपमा औषधी आपूर्ति नभई थप खरिद गरेकोः पाईयो।

(ख) आधारभुत स्वास्थ सेवाका औषधी तथा औषधीजन्य सामग्रीहरुको खरिद वर्गीकरणअनुसार प्रदेशको कार्यक्षेत्र पर्ने औषधी समेत खरिद गरेको पाइयो सो सम्बन्धमा प्रदेशसँग समवन्य समेत नगरी निम्न औषधी खरिद गरेको छ।

| औषधीको नाम | परिमाण (tab) | रकम |
|---|---|---|
| Amlodipine 5mg | १०७५०० | २०९४२५ |
| Losarton50mg | २९५०० | ८९००० |
| Losartan25mg | ९५५०० | १०३०० |
| Metformin500mg | २५३०० | २६७८१ |
| Metformin1000mg | १२००० | ४२१३० |
| Glimipride1mg | १४०० | २७६५ |
| Glimipride2mg | ४७०० | १६४९५ |
| Carbamazipine 200mg | २४४० | ६२२० |
| Phenobarbitones 30mg | ५०० | २०१५ |
| | जम्मा | ४०५१३१ |

सैद्धान्तिक बेरुजु

४० **निजी शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ देखि एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई संघीयराजश्व बाँफाडबाट रु.४८०९५०७ तलब भत्ता भुक्तनी गरेको नियमसम्मत नदेखिएको रु.

| क्र.स. | विद्यालयको नाम | रकम रू. |
|---|---|---|
| १ | सिद्धार्थ मा वि रतनमारे | ३००००० |
| २ | सूर्य मा वि गोखुङ्गा | ३००००० |
| ३ | विरेन्द्र मा वि मरेङ | ३००००० |
| ४ | कालिका ने रा मा वि खन | ३००००० |
| ५ | शान्ति मा वि बाँगी | ३००००० |
| ६ | बालशिक्षा मा वि कमेरेपानी | ५२७९४० |
| ७ | ज्योति आ वि बाँगी | १००००० |
| ८ | जनता आ वि बाँगी | २००००० |
| ९ | गोखुङ्गा आ वि गोखुङ्गा | २७०००० |
| १० | आदर्श मा वि खनदह | ५००००० |
| ११ | मूल आ वि मुलकाचौर | २००००० |
| १२ | सरस्वति आ वि अधेरीपोखरी | २००००० |
| १३ | महादेव आ वि गोखुङ्गा | ७३४८१ |
| १४ | वैद्यनाथ मा वि वामरूक | ६०६९४७ |
| १५ | भूमेदह मा वि गोखुङ्गा | ७३४४७ |
| १६ | सरस्वति आ वि गोखुङ्गा | ९०६०० |

| | | |
|---|---|---|
| १७ | किरण मा वि खन | ४४३२२ |
| १८ | सिद्ध मा वि बाँगी | ११३९७० |
| १९ | सुन्दर आ वि बाँगी | ३०२०० |
| २० | जनता आ वि टिमुरे | ९०६०० |
| २१ | सिद्ध ने रा मा वि मरेङ | १८८००० |
| कुल जम्मा रू. | | ४८०९५०७ |

| | |
|---|---|
| अनियमित भएको | ४८,०९,५०७ |

४१ **गैरसरकारी संस्थाबाट कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैससवाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी तथा मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह्र सरकारी संस्थासंग काम गराउन सक्ने व्यवस्था छ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने चालु किसिमको कार्यक्रम लैगिक शसक्तिकरण तथा मुल प्रवाहीकरण कार्यक्रम मालारानी बहरउद्देश्यीय संचार सहकारी संस्था मार्फत कार्य गरी रु.५००००० खर्च गरको पाइयो। मुल्य अभिबृद्धि करमा दर्ता नभएका साथै पालिकाले उक्त गैर सरकारी संस्थाबाट भएका कार्यक्रमको प्रभावकारीता सम्वन्धमा अनुगमन गरी प्रतिवेदन समेत तयार गरेको छैन। पालिकाको जनशक्ति बाट सम्पन्न हुने काम गैर सरकारी संस्थाबाट नगराई मितव्ययी र प्रभावकारी ढंगबाट आफ्नै जनशक्तिबाट गराउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **क्याम्पसलाई अनुदानः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन निर्देशिकामा स्थानीय तहवाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यमिक बिद्यालय तहसम्म तलव तथा अन्य बिद्यालय गतिविधिसंग सम्बन्धित क्रियाकलापमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ सो विपरित वीरेन्द्र शिक्षा क्याम्पसलाई रु. ३००००० अनुदान दिएको छ ।भर्ना, मासिक शुल्क लगायत बिभिन्न शुल्क उठाउने गरेको क्याम्पसले बिश्वबिद्यालयबाट अनुदान तथा प्रदेश सरकारवाट समेत अनुदान पाउने गरेकोमा पालिकाको कार्यक्षेत्र बाहिर गई क्याम्सलाई अनुदान दिएको पाईयो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय

अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ७१८१५५ भुक्तानी दिएको पाईयो

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | बसन्तपुर युवा क्लब | खेलकुद कार्यक्रम | ४९१३० |
| २ | वैद्यनाथ मा.वि | शैक्षिक गुणस्तर कार्यक्रम | १७०००० |
| ३ | खनाल भेट सेन्टर | पशु औषधी खरिद | १००००० |
| ४ | युवा खेल प्रतियोगिता कार्यक्रम उ.स | युवा खेलकुद | १००००० |
| ५ | नवदिप युवा क्लब | युवा खेलकुद | १००००० |
| ६ | नेपाल मिडिया नेटवर्क | सचेतना कार्यक्रम | १९९९२५ |
| | **जम्मा** | | ७१८१५५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **निर्माण व्यवसायीबाट कार्यः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ। सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ।निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो। तसर्थ उपभोक्ता समितिसँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले उल्लिखित नियमको पालना गरी नियमित गर्नु पर्ने रू. सोको विवरण अनुसूचीमा समावेस छ।

| | |
|---|---|
| अनियमित भएको | १७,००,००० |

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

४५ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ३/२०७९/१२/२९ | देउराली हिलेकाचौर काफ्ले मो.बा स्तरोन्नती उ.स | मो.बा स्तरोन्नती | ४७२३६१ | एक्साभेटर | ४०८००५ |
| ४/२०८०/१/२४ | रतनमारे पजिइखोला सलिन्धारा हुदै म्यालपानी जोड्ने मो.बा | मो.बा स्तरोन्नती | ४८३८५२ | एक्साभेटर | ३८०२६३ |
| ६/२०८०/२/११ | जुरेलीचौर डाँडाखर्क वेथला मो.बा उ.स | मो.बा स्तरोन्नती | ७८८३३७ | एक्साभेटर | ८०००३० |

सैद्धान्तिक बेरुजु

४६ **फरक दरमा भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा विजकको भुक्तानी गनुपर्ने व्यवस्था छ।साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुऱ्याई लेखा अद्यावधिक रुपमा राख्नुपर्ने दिनुपर्ने व्यवस्था छ ।उपभोक्ता समितिबाट सम्पादित निम्नानुसार निर्माण कार्यको लागत दर बिश्लेषमा राखेको दरभन्दा बढी दरमा भुक्तानी भएको साथै दर बिश्लेषमा फरक पारी बढी भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुल उपर गर्नु पर्ने

| गौ.भौ.न/मिति | उपभोक्ता समितिको नाम | कार्य | परिमाण | भुक्तानी भएको | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ६/२०८०/२/११ प्रदेस पूजीगत | जुरेलीचौर डाँडा खर्क वेथला मो.बा.उ.स | मध्यम ढुङ्गा काट्ने कार्य | ३०० | ७४३१६ | ० | ७४३१६ | नापी किताबमा नापी नभएको परिमाणको भुक्तानी |
| | | कडा माटो काट्ने कार्य | १०६१९ cm | ८४११३० | ७८९२०४ | ५१९२६ | सबै माटो काट्ने कार्यको लागी औसत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | विधि गरेकोले बढी भुक्तानी |
| १२/२०८०/३/०७<br><br>प्रदेश पूजीगत | दिप पटौरी गर्छा नयाँगाउँ खनदह मोटरबाटो मर्मत सुधार | Stone masonery for cement motatar 1:6 | ४५.५४ cm | ४९२५५६ | ४३४६३३ | ९७९२३ | बाटो निर्माणमा भवनको नर्म्स प्रयोग भएको |
| | | | | | जम्मा | २२४१६५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२३,५३५ |

४७ **सार्वजनिक सुनुवाईः**

सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ को दफा ३१(१) मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने,संघ,प्रदेश, जिल्ला वा स्थानीय स्तरमा कार्य सम्पादन गरेको काम कारबाहीलाई स्वच्छ र पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुन सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिएबमोजिम सार्वजनिक सुनुवाई गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफुले सम्पादन गरेका कामको आफै सार्वजनिक सुनुवाई गरी सोको प्रशारणको क्रियाकलाप सम्झौता गरी दिनुपर्नेमा सो नगरी सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम व्यवस्थापन, संचालन र प्रशारणको गर्ने जिम्मेवारी मेरो घर मिडियाईलाई दिई रु.३४९००० भुक्तानी दिएको पाईयो। पालिकाले आफुले सम्पादन गरेका कामको आफै सार्वजनिक सुनुवाई गरी सोको प्रशारणको क्रियाकलापको मात्र सम्झौता गरी भुक्तानी दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **उपचार खर्चः**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७६ को दफा १४(२) मा स्थानीय तहका पाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ। पालिकाले वडा न. ८ का वडा अध्यक्ष नरेन्द्र कुमार बस्नेतलाई उपचार खर्च रु. ३००००० भुक्तानी गरेको पाईयो ऐनले निर्धारण गरेको सुविधा वाहेक थप सुविधा भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,००,००० |

४९ **गत वर्षको भुक्तानी -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गौ.भौ.न/मिति | विवरण | रकम |
|---|---|---|
| १४/२०७९/६/१२ | कृषि शहकारीको गत वर्षको भुक्तानी बाँकी | ४१४५६४ |
| १५/२०७९/६/१३ | वर्थिङ सेन्टर र ज्यालादारी कार्यरत ज्यादारी कर्मचारीको तलब गतवर्षको | ३७२७१८ |
| | जम्मा | ७८७२८२ |

| | |
|---|---|
| अनियमित भएको | ७,८७,२८२ |

५० **लागत साझेदारी**

लागत साझेदारी कुनै पनि कार्यक्रममा रकम विनियोजन गर्दा लाभ लागत अनुपात हेरी सो कार्यक्रमको नर्म्स अनुसार संचालन गर्नुपर्ने हुन्छ। त्यस्तै कम भन्दा कम लागतमा अधिकतम प्रतिफल प्राप्त गर्ने र लाभग्राहीको समेत स्वामित्व ग्रहण गर्ने गरी कार्यक्रमको निर्धारण र संचालन गरेमा यस्ले दिर्घकालीन प्रतिफल दिने भएकोले सोही अनुसार कार्यक्रमको निर्धारण र संचालन गर्नुपर्दछ। तर पालिकाले कृषि कार्यक्रम लाभग्राहीहरुको योगदानमा आधारित रहेर सञ्चालन गरे तापनि लाभग्राहीको नगद लागत सहभागिता नभएकोले वास्तविक रुपमा कृषकको योगदान भएको भन्न सक्ने अवस्था रहेन। तसर्थ आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालन गर्दा नगद लागत सहभागिता अनिवार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५१ **लघु उद्यम कार्यक्रम**

५१.१ १००।०८०।२।३२ गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ३९अनुसार तालिमवाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिमै परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिलाई विक्री गर्न सकिने र विक्री वाट प्राप्त रकम राजश्व आम्दानी गर्नुपर्ने र विक्री नभएका सामान स्टोर दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले गुडिया वनाउने तालिम, सिलाई कटाइ तालिम र ढाका वुन्ने तालिम संचालन गरेकोमा तालिमवाट उत्पादित मालसामानको जिन्सी अभिलेख तयार गरेको छैन। लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ नियम ४१ अनुसार प्रविधी हस्तान्तरण गर्दा लाभग्राही को साझेदारी रकम रु १०१७३८ राजश्व आम्दानी गरेकोमा संघीय संचित कोष दाखिला भएको नदेखिएकोले उक्त रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,७३८ |

५१.२ मेडपा कार्यक्रमको प्रविधी खरिद वापत रु १५५९९२ को सिलाई मेशिन लगायतका सामान खरिद गरी शुभकामना सप्लायर्सलाई रु. 155992 भुक्तानी भएकोमा ति सामाग्रि पालिकामा दाखिला भएको तर मौज्दातमा नदेखिएकोले सामग्री वितरणको भरपाई सलग्न हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५५,९९२ |

५२ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यक्रम का लागि निम्नानुसार घर निर्माणका लागि पहिलो किस्ता रकम रु ४०००० का दरले ४७ जनालाई भुक्तानी भएको छ। निर्माण कार्य सम्पन्न गरि निर्माण कार्यको नापि र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ।

| **वडा नं** | **संख्या** | **रकम** |
|---|---|---|
| वडा नं ७ | ११ | ३३०००० |
| वडा नं ८ | १ | ३०००० |
| **जम्मा** | | **३६००००** |

सैद्धान्तिक बेरुजु

५३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्। साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १८६ जनालाई रोजगारी उपलव्ध गराई रु.१०६६७५७६ खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

सैद्धान्तिक बेरुजु

५४ **झाेला वितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ। पालिकाले कक्षा १ मा अध्ययनरत विद्यार्थिलाई झोला वितरण गर्न शुभकामना सप्लायर्स बाट ५०० थान झोला खरिद गरी पालिकामा दाखिला गरेकोमा उक्त झोला पालिमामा दाखिला गरी विद्यार्थीलाई वितरण गरेको भरपाई नदेखिएकोले विद्यार्थीलाई वितरण गरेको भरपाई सलग्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,५५० |

५५ **सामाजिक सुरक्षा कार्यक्रम**

५५.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतिय प्रणालीवाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७, को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

मृगौला प्रत्यारोपण गरेका डायलासिस गरिरहेका क्यन्सर रोगी र मेरुदणड पक्षघातका विरामीलाघ औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि २०७८ को वुदा नं ४ मा यस कार्यविधि वमोजिम उपचार सुविधा प्राप्त गर्ने व्यक्तिलाई समाजिक सुरक्षा भत्ता भुक्तानी गर्न नहुने व्यवस्था गरेकोमा पालिकाले खिमकला अधिकारी नागरिता नं ४०३००७-३२७ लाई सामाजिक सुरक्षा भत्ता रकम भुक्तानी भएको देखिएकोले दोहोरो भुक्तानी रकम रु १५९६० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९६० |

५५.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले वैंक मार्फत भत्ता वितरण गरेको भएतापनि सामाजिक सुरक्षा वितरण कार्यविधी २०७७, को अनुसुची १२ मा उल्लेखित लाभग्राही भुक्तानी प्रतिवेदन अनुसार लाभग्राहीको खातामा जम्मा भैसकेपछी वैंकमा वांकी रहेको रकम बैंकले कार्यालयमा फिर्ता पठउनु पर्दछ। लेखापरीक्षणको अवधिमा अनुसुचिम १२ मा रु. ४१८४३९ देखिएकोमा कार्यालयले विभिन्न मितिमा वैंक दाखिला गरेको ३९१५७४ को भौचर पेश गरेको छ। वाकि रकम रु २६८६५ कार्यालयले एकिन गर्नुपर्ने देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.३ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.४ कार्यविधिको अनुसूची ७ को बुँदा नम्वर ७ मा बैँक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ। कार्यालयबाट विवरण माग भएतापनि बैँकबाट सो विवरण प्राप्त भएको पाइएन। कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ।

कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन। साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन। तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५.५ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन।कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५६ स्यानिटरी प्याड

सावर्जनिक खरिद ऐन, २०६४ अनुसार रु १० लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था छ। सो भन्दा वढी मूल्यको मालसामान खरिद गर्दा सिलवन्दी दरभाउपत्र को प्रकृया वमोजिम खरिद गर्नुपर्नेमा कार्यालयले खरिद प्रतिस्प्रधा सिमित गरी रु १८२९७७५ को स्यानिटरी प्याड सोझै खरिद गरेको छ।

गाँउपालिकाले यस वर्ष सशर्त अनुदान अन्तर्गत सामुदायिक बिद्यालयका कक्षा ६-१० सम्मका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड वितरणका लागि गो.भौ.४६ वाट २०५२० थान प्याकेट सेनीटरी प्याड रु १८२९७७५ मा खरिद गरेको छ। सेनीटरी प्याड बितरण तथा व्यबस्थापन कार्यबिधि, २०७६ मा खरिद गर्नुपर्ने स्यानिटरी प्याडको साईज तथा गुणस्तर तोकिएकोमा पालिकाले खरिद गरेको स्यानिटरी प्याड तोकिएको गुणस्तर बमोजिम प्राप्त भएको भनी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको देखिएन। कार्यविधिको परिच्छेद ३ बमोजिम बिद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत स्थानीय तहमा माग गरी पठाउनु पर्ने र स्थानीय तहले प्रत्येक बिद्यालयलाई उपलब्ध गराएको सेनिटरीप्याडको अभिलेख अलग अलग रुपमा राख्नु पर्ने साथै बिद्यालयले उपलब्ध सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यबस्थित रुपले राख्नु पर्ने व्यबस्था छ। त्यसैगरी उक्त कार्यविधिको बुदा नं.६ अनुसार विद्यालयले छात्राहरुलाई सेनिटरी प्याड वितरण गरेको विवरण छात्राहरुको नाम, नामेसी स्पष्ट खुल्ने गरी भर्पाई अभिलेख अद्यावधिक गर्नुपर्नेमा सम्बन्धित विद्यालयका विद्यार्थीहरुले बुझिलिएको भर्पाई पेश भएको छैन। अतः विद्यालयलाई पठाएको स्यानिटरी प्याडको सम्बन्धमा सम्बन्धित छात्राहरुले प्राप्त गरेको नामनामेसी सहितको अभिलेख पेश गर्नु पर्दछ।रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,२९,७७५ |

## ५७ विद्यालयगत निकासा रजिस्टर्ड

आर्थिक कार्यविधि नियमावली तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५८ दिवा खाजा

**भौ नं ६६,१४३,१८५** कार्यक्रम कार्यान्वयन पुस्तकिका २०७९।८० अनुसार सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी ६ कक्षा सम्म अध्ययनरत वाल वालिकाहरुका लागि दिवा खाजा प्रति विद्यार्थि रु १५ का दरले १८० दिनका लागि विद्यार्थी हाजिरका आधारमा खातामा निकासा गरेको छ। पालिकाले यो वर्ष दिवा खाजाका लागि जम्मा ६० विद्यालयलाई रु ६३७८७३७ निकासा गरेकोमा सम्वन्धित विद्यालयहरुले खाजा खुवाएको वा रकम वितरण गरेको विवरण पेश भएन। दिवा खाजा रकम सम्वन्धमा पालिकाले अनुगमन गरेको अनुगमन प्रतिवेदन लेखापरीक्षणको समयमा पेश गरेको छैन। पालिकाले अनुगमन गरी वालवालिकाले खाजा खाएको सुनिस्चितता गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

५९ **स्थानिय भत्ता**

*x......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.१४३०५०।- सम्परीक्षण गरिएको*

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ० |

६० **कक्षा ८ परिक्षा**

क्षमता विकास शिक्षा कार्याक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार संस्थागत क्षमता विकास परीक्षा संचालन एवम् विद्यार्थी मूल्याकन कार्यक्रम को वुदा नं १५.२ अनुसार १०० ओटा विद्यालय भएका स्थानिय हतहरुका लागि रु २ लाख ३० हजार वजेट छुट्याएको छ। यस क्रियाकलापमा स्थानिय तहलाई प्राप्त हुने रकम प्राविधिक सहायता तथा अनुगमन वैठक कार्यशाला योजना निर्माण विद्यालय नक्शाङकन डाटावेश र प्रतिवेदन तयारी कार्यका संलग्न कर्मचारीलाई खाजा खाना खर्च उपलब्ध गराउने व्यवस्था रहेको छ।विद्यालय अनुगमन तथा विद्यालयको क्षमता विकास कार्यक्रका लागि विनियोजन भएको रकम तम्घास र वुटवल मेड्पाको कार्यक्रमा गएको उल्लेख गरी भौ नं १५० वाट गाडी भाडा भुक्तानी भएको रकम रु १६२०० र वुटवल कार्यालयको मिटिङ्गमा गएको उल्लेख गरी भौ नं ८९ भुक्तानी भएको रकम रु ४९२०० गरी जम्मा रु ६५४०० अनियमित देखिएको रु

| | | |
|---|---|---|
| | अनियमित भएको | ६५,४०० |

६१ **शैक्षिक गुणस्तर**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनिय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन। तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ।

| | |
|---|---|
| | सैद्धान्तिक बेरुजु |

६२ **विमा**

स्थानीय तहबाट संचालन हुने भनीएको बजेट विनियोजन भएको कार्यक्रममा संघ तथा प्रदेश स्रोतबाट र२।०७९।६।३० सार्वजनिक खरिद नियमावली २०६४ अनुसार नियम ११२ मा १० लाख भन्दा माथिको निर्माणमा विमा गराउनुपर्ने व्यवस्था रहेको छ। प्रोभिजनल सम अन्तर्गतको विमाको विल भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको विल विजकको आधारमा भुक्तानी गर्नु पर्दछ। पालिकाले निर्माण व्यवसायी श्री डाँफे अमर जे भि लाई ठेक्का विल भुक्तानी गर्दा निजले रु ६६६१०९ को विमाको विजक पेश गरेकोमा विमा वापत रु ६७३४१६ भुक्तानी भएको देखिएकोले विमाको विजक भन्दा बढी भुक्तानी गरेको रु ७३०७ असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | ७,३०७ |

६३ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं.,

उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीम २४ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले सघ ससर्त बजेट उप शिर्षकबाट समुन्द्र मेडिकोसँग रु १४२०५१० को औषधि खरिद गरेको देखिन्छ। आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **फिल्ड भत्ता**

नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी सघं प्रदेश र स्थानीय तहहरुको लागि तलब भत्ता समेत तोकि लागु गरेको छ। कार्यालयले स्थानीय तहमा समायोजन भई सकेका स्वास्थ्य तर्फका कर्मचारीहरुलाई स्थानीय भत्ता अतिरिक्त फिल्ड भत्ता समेत भुक्तानी थप फिल्ड भत्ता भुक्तानी गर्ने आधार प्रमाण पेश पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **सि नं** | **नाम** | **फिल्ड भत्ता** | **नाम** | **फिल्ड भत्ता** |
|---|---|---|---|---|
| १ | शुष्मा पाड्डे | २७००० | विपना पुन | ९००० |
| २ | माधव खनाल | २४५४० | झविलाल पन्थी | २४७५० |
| ३ | लिशा खत्री | २७००० | ठाकुर अधिकारी | २७००० |
| ४ | हिमा भट्टराई | ४५०० | सपना खनाल | २६१०० |
| ५ | सरिता विक | २४७५० | सपना खनाल भौ नं१७७ | ४४५५ |
| ६ | विनिता अधिकारी | १५७५० | पुष्पा पौडेल | २७००० |
| ७ | शुशिला विसि | १४४०० | शोभाकला राना मगर | २६१०० |
| | **जम्मा** | **१४४४०५** | **जम्मा** | **१३७९४०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८२,३४५ |

६५ **गर्भनिरोधक चक्कि**

१३१।०८०।३।१७ परिवार नियोजन तथा प्रजनन स्वास्थ कार्यक्रम अनुसार स्थानीय तहले गत आवमा खपत भएका आकस्मिक गर्भनिरोधक चक्किको तथ्याङ्कको आधारमा आवश्यकताअनुसार आकस्मिक गर्भनिरोधक चक्की खरिद गर्न सकिने व्यवस्था गरेको छ। पालिकाले स्वास्थ्य संस्थालाई भौचर नं ४१

र १३५ वाट सरण मेडिको संग १३६० **unwanted tab** ट्याव्लेट ६० का दरले खरिद गरेको देखाई रु ८८२०० भुक्तानी गरेको छ लेखापरीक्षको अवधमा के कति औषधी गतबर्ष प्रयोग भएको र यस वर्ष कति प्रयोग भएको हो तथ्थाङ्क पेस भएन औषधी प्रगोग भएको प्रमाण पेस गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८८,२०० |

६६ **कार्यक्रम फरक परेको**

संघिय ससर्त अनुदान तर्फको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालय स्वास्थ्य शिक्षा र आमा समुह तथा महिला स्वास्थ्य स्वयमसेविका हरुका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। कार्यालयले मेरो घर मिडियालई जिङ्गगल प्रसारण वापतको रकम रु १६४१७५ भुक्तानी गरेको अनियमित देखिएको रु

| **भौ नं मति** | **विवरण** | **रकम** |
|---|---|---|
| १९८।०८०।३।२४ | स्वास्थ्य कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार विद्यालय स्वास्थ्य शिक्षा र आमा समुह तथा महिला स्वास्थ्य स्वयमसेविका हरुका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। कार्यालयले मेरो घर मिडियालई जिङ्गगल प्रसारण वापतको रकम रु ७५००० भुक्तानी गरेको रु | **७५०००** |
| १९८।०८०।३।२४ | स्वास्थ्य कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार CBIMNCI कार्यक्रम समिक्षा स्थलगत अनुशिक्षण समता तथा पहुँच कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ। पालिकाले स्वास्थ्य जागरुकता ल्याउन संचालन गरिने कार्यक्रमवाट फरक ढंगले सावुन टावेल डष्टविन खरिद कार्यमा भुक्तानी गरेको रु | ८९१७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,१७५ |

६७ **कार्यक्रम वेगरको खर्च**

संघिय ससर्त अनुदान तर्फको कार्यक्रम संचालन गरी खर्च गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को नियम ३९ मा स्वीकृत बजेट र सम्बन्धित खर्च शिर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार स्वास्थ्य चौकी प्रा स्वा केन्द्र र अस्पतालमा कार्यरत कर्मचारीहरुको तलव भत्ता शिर्षक वाट पालिकाले देहाय बमोजिम कार्यालय सामान खरिद गरेको देखिएकोले तलव भत्ता शिर्षकबाट अन्य शिर्षकमा खर्च गर्न नमिल्ने हुँदा उक्त खर्च नियम संगत देखिएन। रु

| **भौ नं मति** | **विवरण** | **रकम** |
|---|---|---|
| ८८।०८०।२।१७ | शिशिर इन्टर प्राइजेज रजिष्टर मार्कर नेपाली कागज | २४८६२६ |
| १८७।०८०।३।२३ | शिशिर इन्टरप्राइजेज वाट कार्यालय सामान | ३४५००३ |

| | | |
|---|---|---|
| | न्यू यूनिक इन्टरप्राइजेज वाट पेन ड्राइभ प्रोजेक्टर | ९३०६७९ |
| १९४।०८०।३।२४ | आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद पोखरेली खाजा घर र कर्मचारी १२ जनालाई खाजा भत्ता | ९३३०० |
| १९५।०८०।३।२४ | आचार्य स्टोर एण्ड सप्लायर्स वाट ल्यपटप व्यग रेनकोट स्वयम सेविका व्याग | ६५८१६५ |
| १९५।०८०।३।२४ | आचार्य स्टोर एण्ड सप्लायर्स वाट टेवल सोफा वुक केश दराज कुर्सी | ७७७३५५ |
| १९५/३/२४ | पालिकाले स्थानिय तहका स्वास्थ्य चौकी प्रा स्वा केन्द्र र अस्पतालमा कार्यरत कर्मचारीहरुको तलव भत्ता शिर्षक वाट १३१ महिला स्वास्थ्य स्वयम सेविकालाई व्याग वितरण गरेको भनि रु २२५९७५ खर्च लेखेको देखिएकोले कार्यक्रम वेगर फरक शिर्षकबाट खर्च लेख्ने कार्य नियम सम्मत नदेखिएको रु | **२२५९७५** |
| | जम्मा | ३२७९१०३ |

| | |
|---|---|
| अनियमित भएको | ३२,७९,१०३ |

## ६८ हेफर नेपाल

६८.१ **गैह्रसरकारी संस्था (हेफर नेपाल) मार्फत कार्य** पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत महिला लाभग्राहिहरुलाई बाख्रा वितरण, खोर निर्माण एवं उद्यमशिलता तालिमको माध्यमबाट स्वावलम्वी समुहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूंजीको अभिबृद्धि गर्दै सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिको अनुसरणबाट बाख्राको उत्पादन र उत्पादकत्व अभिबृद्धिबाट कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न मालारानी गाउँपापालिकाले २०८०।३।१६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७७ चैत्र ५ मा रु ४ करोड ६२ लाख ६६ हजार ६६७ को सम्झौता गरेको छ। कुल लागत मध्ये २५ प्रतिशतले हुने रकम ११५६६६६७ हेफर प्रोजेक्टले र बाँकी ७५ प्रतिशतले हुने रु ३४७००००० पालिकाले व्यहोर्ने उल्लेख छ।यस परियोजना अन्तर्गत पालिकाबाट हेफर नेपाललाई गत वर्ष सम्म रु २६२६३८१६ यो बर्ष रु ८२५१६६५ समेत हाल सम्म रु ३४५१५४८१ भुक्तानी गरेको छ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.२ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 99 (8) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम 70 बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम 70 मा 20 लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन 2063 को दफा 30 बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया 3 देखि 6 आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ।सार्वजनिक खरिद ऐन २०६३ को दफा 31 मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग 30 दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको 20 प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ। पालिकाले

सम्झौता बमोजिम पेश्की दिंदा नियममा उल्लेख भए बमोजिम हेफर नेपालसंग पेश्की जमानत लिने गरेको नदेखिएकोले पेश्की दिंदा पेश्की जमानत लिई कानुनको पालना गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.३ सम्झौता अनुसार कुल कार्यसम्पन्नको 25 प्रतिशत सम्बन्धित परामर्शदाताले र 75 प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा पालिका र हेफर नेपालबाट भएका एकमुष्ट खर्चको श्रेस्ता पेश गर्नुपर्नेमा पालिकाबाट यो वर्ष खर्च भएको रु ८२५१६६५। को मात्र श्रेस्ता पेश भएको छ।सम्झौतामा उल्लेख भए अनुसार हेफर प्रोजेक्ट नेपालले कुल खर्चको २५ प्रतिशत खर्च गर्नु पर्नेमा आ व २०७७।७८ मा रु १४२०११३ र आ व २०७८।७९ मा रु ४८४९१३८ खर्च गरेको विवरण पेश गरि आ व २०७९।८० मा रु ५२९७४१६ बजेट विनियोजन गरि कार्यक्रम संचालन गरेकोमा उक्त बजेट खर्चको श्रेस्ता लेखापरीक्षणको लागि पेश भएको छैन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोवार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म , संस्थाबाट मात्र गर्नुपर्ने उल्लेख छ। त्यस्तै मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोवार शुरु गर्नु अघि कारोवार दर्ता गरेको हुनुपर्ने त्यस्तै दफा १४ मा बस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई विल विजक दिनुपर्ने र मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम १७ मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ।पालिकाले यो वर्ष हेफर प्रोजेक्ट नेपाललाई रु ८२५१६६५ भुक्तानी गरेकोमा नियमानुसार उक्त संस्थाले कर विजक जारी गरेको देखिएन।पालिकाले विल विजक वेगर कारोवार रकमको भुक्तानी दिने कार्य नियम सम्मत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.५ पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयकै जनशक्ति परिचालन गरी गराउनु पर्दछ।कार्यालयले संघिय सशर्त अनुदान कार्यक्रम अन्तर्गतको बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा जनचेतना सम्वन्धि तालिम कार्यक्रम कार्यालयका कर्मचारीहरुबाटै गराउन सक्नेमा कर्मचारीबाट नगराई परामर्शदाता खोजि हेफर प्रोजेक्ट नेपालबाट गराई रु ७००००० भुक्तानी गरेको देखियो। पालिकाले आफ्ना कर्मचारीबाट गराउन सक्ने कार्यक्रम कर्मचारी परिचालन नगरी हेफर प्रोजेक्ट नेपालबाट संचालन गरी सशर्त वजेटबाट भुक्तानी दिने कार्य नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

६८.६ मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालन गर्न पालिका र हेफर प्रोजेक्ट नेपाल विच सम्झौता भएको छ। उक्त संस्थाले परियोजना संचालन गर्न स्थानिय साझेदार ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र मार्फत सत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाइयो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६८.७ मालारानी गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं १८ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मुल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनु अघि पालिकास्तरिय अनुगमन तथा मुल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मुल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिने उल्लेख छ।कार्यविधिको व्यवस्था विपरित खरिद सम्झौतामा व्यवस्था राखि हेफर

प्रोजेक्ट नेपाललाई चौमासिक रुपमा पेश्की दिई कार्य सम्पन्न भएको छ। जसले गर्दा अनुगमन तथा मुल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मुल्यांकन गरी अन्तिम भुक्तानी दिने अवस्था देखिन्न। पालिकाबाट कार्यक्रमको उपलब्धि र प्रभाबको बारेमा बिश्लेषण समेत गरेको देखिएन।कार्यविधिको प्रावधान विपरित अन्तिम किस्ता समेत पेश्कीको रुपमा भुक्तानी दिनु नियम संगत देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६९ **अनुपातिक कट्टी नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले खानेपानी मर्मत कार्यको लागि रु २००००० व्यहोर्ने गरि खानेपानी मर्मत तथा पाईप उपभोक्ता समितिसँग रु २२२६५३। को संझौता गरकोमा उपभोक्ता समितिले रु १८६४७५। को मात्र कार्य सम्पन्न गरेको छ। सम्पन्न कामको आधारमा जनसहभागीताको अंश कट्टा गरी पालिकाले उपभोक्ता समितिलाई रु १६७५०२। भुक्तानी दिनु पर्नेमा गो.भौ.नं. २५८-२०८०।३।२४ बाट रु.२०००००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ३२४९७ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,४९७ |

७० **नम्सको प्रयोग**

पालिकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० वमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित विभागले तयार गरेको नर्मसको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा डोलिडारको नर्मस प्रयोग गरि लागत अनुमान तयार गरी लागत अनुमानकै हाराहारीमा उपभोक्ता समिति सँग सम्झौता गरेको छ। डोलिडारको नर्मसमा दक्ष र अदक्ष ज्यामीको जनशक्तीको प्रयोग बढी भएको कारण पालिकालाई थप व्ययभार परेको देखिन्छ। सडक, भवन तथा सिंचाईको काममा हुने पि सि सि ढलान ढल निर्माण र भवनको काममा मेशिनको समेत प्रयोग गरिने हुंदा ज्यामीको संख्या कम लाग्ने हुंदा यस्ता कार्यमा लागत अनुमान तयार गर्दा जुन काम गर्ने हो सोहि विभागबाट तयार गरेको नर्मस प्रयोग गर्नु पर्दछ

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१ **वढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ अनुसार सरकारी खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नु पर्ने उल्लेख छ। शान्ति मा वि बाँगी मा खेलकुद पूर्वाधार निर्माण कार्यको लागि रु ३३३७५३६ को लागत अनुमान तयार भई उपभोक्ताबाट रु ३३७५३६ र कार्यालयबाट रु ३०००००० मा कन्टिन्जेन्सि कट्टा गरी रु २९४०००० भुक्तानी दिने गरी मिति २०७९।१।१५ मा सम्झौता भएको छ। उक्त निर्माण कार्यको रु ३३५००४९ को कार्य स्विकार भएकोमा गतवर्ष प्रथम रनिङ विल बापत रु १५००००० भुक्तानी दिएको देखिएकोले अन्तिम विल भुक्तानी गर्दा कन्टिन्जेन्सी बापतको रु ६०००० कट्टा गरी रु १४६०००० भुक्तानी गर्नुपर्नेमा रु १५००००० भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु ६०००० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,००० |

७२ **नमुना विद्यालय**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ वमोजिम सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम निर्माण कार्यको प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने उल्लेख छ। पालिकाले ठे.नं.३८-०७८।७९ कालिका नमुना मा वि नमुना विद्यालय भवन निर्माण कार्य गर्ने गरी खाँची निर्माण सेवा प्रालिसँग रु.१३५४४९०० को सम्झौता भएकोमा निर्माण कार्य सम्पन्न गरि पालिकाले रु १३१६०६३८ को कार्य स्विकार गरि कार्य स्विकार प्रतिवेदन दिएको छ। उक्त विद्यालय भवन निर्माण कार्यकोलागि

पालिकाले देहायका भौचरबाट निर्माण व्यवसायी तथा विद्यालय खातामा रु १४३६२३८०। भुक्तानी दिएको देखिएकोले नापी किताव ठेक्का विल तथा कार्य स्विकार प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी भुक्तानी गरेको रु १२०१७४२ सम्वन्धित विद्यालयबाट असुल गरि संघिय संचित कोष दाखिला गर्नु पर्ने रु.

| गोश्वरा भौचर | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|
| ४७-२०७९।३।२५ | खाँची निर्माण सेवा प्रा लि | २५७४१४० |
| ४८-२०७९।३।२५ | कालिका नमुना माध्यामिक विद्यालय | ८१९८१७७ |
| १९-२०८०।१।२६ | खाँची निर्माण सेवा प्रा लि | २७७६५०५ |
| ३४-२०८०।३।१० | खाँची निर्माण सेवा प्रा लि | ८१३५५८ |
| | जम्मा | १४३६२३८० |
| | असुल गर्नुपर्ने | १२,०१,७४२ |

७३ **दररेट फरक पारी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छापालिकाले आर्थिक वर्ष २०७९। ८० को लागि बाटो निर्माण कार्यमा रुवल स्टोन मेशिनरी (१:४) को रु ९५४४। र (१:६) को रु १०१८७। तथा भवनमा रुवल स्टोन मेशिनरी (१:६) को रु१०१८७। दर विश्लेषण तयार गरि स्विकृत गरेको छ। पालिकाले योजनाहरुमा भएको निर्माण कार्यको भुक्तानी दिंदा स्विकृत दरका आधारमा भुक्तानी गर्नु पर्दछ। यो वर्ष देहायका योजनामा उपभोक्ताको प्राविधिक विल तयार गर्दा पालिकाले तयार गरि स्विकृत गरेको दररेट भन्दा फरक दररेट राखि उपभोक्ता समितिलाई स्विकृत दर भन्दा बढी दरमा भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी गरेको रु असुल गर्नु पर्दछ। रु

| गोश्वरा भौचर | उपभोक्ता समिती | काम | परिमाण | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १५१ | चौरी पल्ला आरु गैरा मोटर बाटो उ स | रुवल मेशिनरी (१:६) | १७.४२ | ९५५४ | २२१४० |
| १४८ | वडा कार्यालय घेरावार( भवन) | रुवल मेशिनरी (१:६) | ९.११ | १२९११ | २४८१५ |
| १६३ | उपल्लो वडा चौर देखि चुदरी खेत सम्मको भल व्यवस्थापन | रुवल मेशिनरी (१:४) | ४१.३ | १०८१५ | ५२२४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९५ | गैराटोल तल्लार सिर्सेनी जिम्मालटोल ढांडखोला मोटर बाटो | रुवल मेशिनरी (१:४) | ६८.३३ | ९५४४ | ८६८४७ |
| | जम्मा | | | | १८६०५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८६,०५३ |

७४ **ट्याक कोट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले ठेक्का नं ४।२०७८।७९ को देउराली वामरुङ नरसिंहस्थान मोटरबाटो स्तरोन्नती कार्यको लागि वोलपत्रको माध्यमबाट छनौट भएका निर्माण व्यवसायी श्री युभाव निर्माण सेवालाई सडक कालोपत्रे कार्यमा ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी औसत प्रति बर्ग मिटर १ लिटरका दरले २२७१ वर्ग मिटरको भुक्तानी दिएको देखियो । पालिकाले प्रति लिटर ०.४ बढी हुने गरी भुक्तानी दिएको ९०८.४ परिमाणले हुने प्रतिवर्ग मिटर मुल्य अभिबृद्धि कर समेत रु. १५३९७४ असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,९७४ |

७५ **प्रोभिजनल सम**

निर्माण कार्यमा ननकम्पिटिटिभ आईटमको रुपमा राखिएको प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले ठेक्का नं २।०७९।८० बैद्यनाथ माध्यामिक विद्यालय ४ कोठे आर सि सि भवन निर्माण कार्यको निर्माण व्यवसायी सिताराम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि लाई भौचर नं १७ बाट प्रथम रनिङ विल भुक्तानी गर्दा युनाइटेड इन्सुरेन्स कम्पनीको रु ३२५५५ को विमाको विल विजक पेश गरेकोमा ठेक्का विलमा रु ५०००० राखि भुक्तानी गरेको देखिएकोले विल भन्दा बढी भुक्तानी गरेको रु १७४५५ असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,४५५ |

७६ **विल विजक**

निर्माण कार्यमा ननकम्पिटिटिभ आईटमको रुपमा राखिएको प्रोभिजनल सम आईटमको भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको विल भर्पाईको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले ठेक्का नं ५।०७९।८० प्यारीखर्क मुलाकाचौर दोवाटा प्यूठान मोटरबाटो स्तरोन्नती कार्यको निर्माण व्यवसायी पाण्डे निर्माण सेवालाई भौचर नं १९९ बाट अन्तिम रनिङ विल भुक्तानी गर्दा ल्यावटेष्ट बापत ठेक्का विलमा समावेश गरी रु २०००० भुक्तानी गरेकोमा ल्याव टेष्ट गराएको विल विजक संलग्न गरेको नदेखिएकोले विल विजक वेगर भुक्तानी गरेको रु २०००० असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,००० |

७७ **जस्ता पाता**

७७.१ यो वर्ष पालिकाले संघिय सरकारको समपुरक अनुदान अन्तर्गत पत्रे ढुंगाको छाना विस्थापन गर्ने कार्यको लागि वोलपत्रको माध्यमबाट छनौट भएका हुलास स्टिल इन्डष्ट्रिज बाट ६ फुटको ७२१५ पाता, ७ फुटको ५००० पाता र ११ फुटको ६००० पाता गरि जम्मा २००४.०२ वण्डल जस्ता पाता खरिद गरि रु २३३६४९८७। भुक्तानी गरेको छ । पालिकाले उक्त जस्तापाता लाभग्राहीलाई वितरण गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७.२ पालिकाले ढुंगाको छाना विस्थापन कार्यक्रम कार्यान्वयन गर्न नगर कार्यपालिकाबाट कार्यविधि स्विकृत गरेको देखिएन। कार्यपालिकाको २०७९।१०।२३ को बैठकको निर्णय नं १७ मा उक्त कार्यक्रम कार्यान्वयन गर्न लाभग्राहीको विवरण तयार गर्ने, प्रार्थमिकताको आधारमा लाभग्राहीको पत्रे ढुंगाको छानाको रङ्गिन फोटो, जग्गा धनि पूर्जाको प्रतिलिपि सो नभएमा वडा कार्यालयबाट, समुदायबाट सार्वजनिक जग्गा प्राप्त गरेको भनि सिफारिस गरेको पत्र तथा छाना लगाउनको लागि आवस्यक पर्ने जस्ता पाताको परिमाण उल्लेख भएको प्राविधिक लागत अनुमान सहितको सिफारिस भएका लाभग्राहीलाई निजले पाउने जस्ता पाताको मुल्यको २० प्रतिशत सेवा शुल्क लिई प्राविधिकले सिफारिस गरेको परिमाण उपलब्ध गराउने उल्लेख भएकोमा जस्ता पाता उपलब्ध गराउँदा २० प्रतिशत सेवा शुल्क लिने वाहेक अन्य प्रक्रिया पुरा गरेको प्रमाण संलग्न नगरि लाभग्राहिलाई वितरण गरेको देखियो।

| सैद्धान्तिक बेरुजु |
|---|

७७.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको परिक्षण गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोहि दफाको उपदफा ६ मा परिक्षण भएका मालसामानको नाम, प्रतिशत, स्पेशिफिकेशन, निरिक्षण वा परिक्षणको परिमाण उल्लेख गरि प्रतिवेदन तयार गरि उक्त प्रतिवेदन अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख भएकोमा खरिद गरिएका जस्ता पाताको निरिक्षण प्रतिवेदन तयार नगरेका कारण स्पेशिफिकेशन अनुसारका सामान प्राप्त भयो भएन एकिन गर्न सकिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

७७.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सार्वजनिक निकायले मालसामान खरिद सम्वन्धि कार्वाही सुरु गर्नु अघि खरिद माग प्राप्त गरि अधिकार प्राप्त अधिकारीबाट स्विकृत गराउनु पर्ने उल्लेख छ।पालिकाबाट खरिद भएका६ फुटको ७२१५ पाता, ७ फुटको ५००० पाता र ११ फुटको ६००० पाता गरि जम्मा २००४.०२ वण्डल जस्ता पाता खरिद गरेको छ। खरिद भएका मध्धे ६ फुटे ६१६९ पाता, ७ फुटको ४८९१ पाता र ११ फुटको ५८५० पाता विभिन्न वडाका लाभग्राहीलाई देहाय अनुसार पालिकाबाट सिधै र वडा कार्यालय मार्फत वितरण गरि ६ फुटको १०४६ पाता, ७ फुटको १०९ पाता र ११ फुटको १५० पाता (१२०.६७ वण्डल) समेत रु १४०६९००। मुल्यका १२०.६७ वण्डल जस्ता पाता बाँकी रहेको विवरण पेश गरेको छ। विभिन्न वडा कार्यालयमा बाँकी रहेका १२०.६७ वण्डल जस्ता पाता वितरण गर्न लाभग्राही छनौट गर्न कार्यविधि तयार गरि प्राविधिक कर्मचारीबाट नापजाँच गरि लाभग्राहीलाई आवस्यक पर्ने परिमाण एकिन गराई वितरण गरेको भरपाई र छाना छाएको प्रमाण पेश गर्नुपर्ने रु।

| वडा नं | वितरण परिमाण | | |
|---|---|---|---|
| | ११ फुट | ७ फुट | ६ फुट |
| १ | १७० | २०० | १८६ |
| २ | ३०० | २५० | ४८० |
| ३ | १०३६ | १०२५ | ७६२ |
| ४ | १२०० | ८०० | ९६० |

| | | | |
|---|---|---|---|
| ५ | १२६० | ६३० | १२२४ |
| ६ | ६०० | ५०० | ४९३ |
| ७ | ३२४ | २०६ | ५२० |
| ८ | ३०० | २८० | ६३८ |
| ९ | ६६० | १००० | ९०६ |
| कुल | ५८५० | ४८९१ | ६१६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,०६,९०० |

७८ **वढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गेरर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले पँधेरा खोला लिफ्ट खानेपानी योजनाको लागि रु ६००००० व्यहोर्ने गरि उपभोक्ता समितिसँग रु ७८१३२५। को संझौता गरकोमा उपभोक्ता समितिले रु ७७१०१०। को मात्र कार्य सम्पन्न गरेको छ। सम्पन्न कामको आधारमा जनसहभागीताको अंश कट्टा गरी पालिकाले उपभोक्ता समितिलाई रु ५९२१३२। भुक्तानी दिनु पर्नेमा गो.भौ.नं. २५९-२०८०।३।२४ बाट रु.६०००००।- भुक्तानी भएकोले बढी भुक्तानी भएको रु ७८६७ असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८६७ |

७९

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : मालारानी गाउँपालिका, अर्घाखाँची , मालारानी गाउँपालिका , अर्घाखाँची

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चेतनारायण कंडेल कंडेल | २०८०-५-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खुविराम पन्थी | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,९८५,७६४.७७ | १५,३५४,३२८ | ६,६६४,७०५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २५,००४,७९७.७७ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १४३,०१० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २४,८६१,७८७.७७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १८३६८०८३.९२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९३४६५३८१ | **चालु खर्च** | ४१२०२४६८१.९३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३३७८३००० | **पूँजीगत खर्च** | १७११६९१८०.०६ |
| **राजश्व बाँडफाँट** | ७९६९१०७५.०८ | **वित्तीय/अन्य व्यवस्था** | २७२३६६२९२.२२ |
| **आन्तरिक आय** | ९७८२३६०.६४ | | |
| **अन्य आय** | २३९५३६५२७ | | |
| **कुल आय** | ८५६२५८३४३.७२ | **कुल खर्च** | ८५५५६०१५४.२१ |
| **बाँकी मौज्दात** | | १९०६६२७३.४३ | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६९,०३,८४,६७८.८१ | ५८,६७,७२,३९१.२६ | | ५८,६७,७२,३९१.२६ | ५९,८३,५४,३७२.८० | | ५९,८३,५४,३७२.८० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६८,४५,७२,१९०.२० | ५७,९७,६२,७५८.७९ | ० | ५७,९७,६२,७५८.७९ | ५९,१६,०९,७८१.४१ | ० | ५९,१६,०९,७८१.४१ |
| ११००० कर | ११ | १०,३९,९०,८५१.८० | ८,०३,३९,२३९.४५ | ० | ८,०३,३९,२३९.४५ | ९,२१,९९,३७१.६९ | ० | ९,२१,९९,३७१.६९ |
| १३००० अनुदान | | ५४,२५,७९,०००.०० | ४९,०२,८९,३२३.०७ | ० | ४९,०२,८९,३२३.०७ | ४९,४५,४७,२८८.०२ | ० | ४९,४५,४७,२८८.०२ |
| संघीय सरकार | १२ | ५०,६३,२१,०००.०० | ४५,७२,८०,९२०.९५ | ० | ४५,७२,८०,९२०.९५ | ४६,०६,०८,८४०.३२ | ० | ४६,०६,०८,८४०.३२ |
| प्रदेश सरकार | १२ | ३,६२,५८,०००.०० | ३,३०,०८,४०२.१२ | ० | ३,३०,०८,४०२.१२ | ३,३९,३८,४४७.७० | ० | ३,३९,३८,४४७.७० |
| १४००० अन्य राजस्व | | ५८,१३,०९०.४० | ९१,३४,१९६.२७ | ० | ९१,३४,१९६.२७ | ४२,१९,१९५.७० | ० | ४२,१९,१९५.७० |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० | ६,४३,९२६.०० | ० | ६,४३,९२६.०० |
| ३२००० वित्तीय सम्पत्ति | | ३,२१,८९,२४८.०० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५८,१२,४८८.६१ | ७०,०९,६३२.४७ | | ७०,०९,६३२.४७ | ६७,४४,५९१.३९ | | ६७,४४,५९१.३९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५८,१२,४८८.६१ | ० | ० | ० | १८,००,०००.०० | ० | १८,००,०००.०० |
| धरौटी | | ० | ७०,०९,६३२.४७ | ० | ७०,०९,६३२.४७ | ४९,४४,५९१.३९ | ० | ४९,४४,५९१.३९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६९,०३,८४,६७८.८१ | ५९,०१,४४,३९४.६३ | | ५९,०१,४४,३९४.६३ | ५९,४४,५६,६०५.४१ | | ५९,४४,५६,६०५.४१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६८,४५,७२,१९०.२० | ५८,०९,९३,८६१.९९ | | ५८,०९,९३,८६१.९९ | ५८,४४,४४,५१३.६७ | | ५८,४४,४४,५१३.६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३४,१०,६६,०००.०० | ३०,६०,३५,४६२.९८ | ० | ३०,६०,३५,४६२.९८ | २४,८९,५६,१८५.८७ | ० | २४,८९,५६,१८५.८७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,८८,७७,१९०.२० | ७,१२,१७,२२५.२८ | ० | ७,१२,१७,२२५.२८ | १२,५२,६६,८५५.८६ | ० | १२,५२,६६,८५५.८६ |
| २५००० सहायता (Subsidy) | १८ | ३,५९,२१,०००.०० | २,६२,५८,५४६.८७ | ० | २,६२,५८,५४६.८७ | १,५२,०५,३४०.०० | ० | १,५२,०५,३४०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,०५,१०,०००.०० | ८०,१३,७८०.८० | ० | ८०,१३,७८०.८० | ५५,१०,०००.०० | ० | ५५,१०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ५,००,०००.०० | ४,९९,६६६.०० | ० | ४,९९,६६६.०० | ६,९९,०१२.०० | ० | ६,९९,०१२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,७६,९८,०००.०० | १६,८९,६९,१८०.०६ | ० | १६,८९,६९,१८०.०६ | १८,८८,०७,११९.९४ | ० | १८,८८,०७,११९.९४ |
| घ. अन्य भूक्तानी | | ५८,१२,४८८.६१ | ९१,५०,५३२.६४ | | ९१,५०,५३२.६४ | ५९,४४,५६,६०५.४१ | | ५९,४४,५६,६०५.४१ |
| कोषहरु | | ५८,१२,४८८.६१ | ५१,०४,६५३.९१ | ० | ५१,०४,६५३.९१ | ७०,७४,६५१.०५ | ० | ७०,७४,६५१.०५ |
| धरौटी | | ० | ४०,६९,४९८.६५ | ० | ४०,६९,४९८.६५ | २९,३७,४४०.६९ | ० | २९,३७,४४०.६९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२३,६१९.९२ | | -२३,६१९.९२ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (३३,७२,००३.३७) | | (३३,७२,००३.३७) | ३८,९७,७६७.३९ | | ३८,९७,७६७.३९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,२४,८०,८८२.४२ | | २,२४,८०,८८२.४२ | १,४४,७०,३१६.५३ | | १,४४,७०,३१६.५३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १,९१,०८,८७९.०५ | | १,९१,०८,८७९.०५ | १,८३,६८,०८३.९२ | | १,८३,६८,०८३.९२ |

| सि.नं. | गो.भौ.नं./मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने | प्राविधिक मूल्याँकन | भुक्तानी | निर्माण व्यवसायीको नाम | विल रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ११५/२०८०/१/२४ | वडास्तरीय मेमत उ.स | ८८९५५७ | ८००००० | ८८९५६२ | ८००००० | मालारानीनिमाण सेवा | ८००६० |
|  | २४८/२०८०/३/२४ | सडक स्तरउन्ती र नयाँ ट्राक निर्माण | १००६००९ | ९००००० | १००८२६० | ९००००० | मालारानीनिमाण सेवा | ९०००२४ |
|  |  |  | जम्मा |  |  | १७००००० |  |  |